# अनुसूची -७

(ऐनको दफा (८) संग सम्बन्धित)

## विज्ञापन करको दररेट

१. व्यवसायिक परिचयको लागि बढीमा २० बर्ग फिट सम्म मात्र राख्न पाइने छ । सो भन्दा ठुला आकार प्रकारको राख्नु परेमा नगर कार्यपालिकाको स्वीकृती लिई नियमानुसार तोकिएको कर लाग्ने छ ।

२. बिदेशी तथा मल्टीनेशनल कम्पनीहरुको बिज्ञापन सामग्रीहरुमा दोब्बर बिज्ञापन कर लिइनेछ ।

३. बिज्ञापन सामाग्रीहरुलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्दै लाने नीति अवलम्बन गरिने छ ।

४. नगरपालिकाको बिज्ञापन सामग्रीहरुलाई डिजिटल प्रणालीमा रुपान्तरण गरिने नीति अनुसार नगरपालिका क्षेत्रको मुख्य क्षेत्रमा डिजिटल तथा ग्लो बोर्ड मात्र राख्न अनुमति दिइने छ ।

५. आर्थिक ऐनमा उल्लेख गरिएको स्थितिमा भन्दा बाहेकका बिज्ञापन प्रयोजनले घर र पसल, होटल, रेष्टुरेन्ट, शोरुम, पेट्रोल पम्प, सिनेमा हल, प्राइभेट आस्पताल, मेला, महोत्सब, बैंक, तथा वित्तीय संस्था भित्र वा बाहिर राखेका बिज्ञापन जन्य बोर्ड, पोस्टर, पम्प्लेट, झन्डा, सटर पेन्टीङ्ग जस्ता सबै सामग्रीहरुको ऐनमा उल्लेख भए बमोजिम कर लाग्ने छ । कुनै फर्म र कम्पनीले आफ्नो ब्यापार प्रवर्धनका लागि आफ्नो ब्रान्ड कलर तथा बिज्ञापन सामग्रीहरु नगर क्षेत्र भित्रका व्यवसायिक घर र पसल, होटल, रेष्टुरेन्ट, शोरुम, मल, कम्प्लेक्स, पेट्रोल पम्प, सिनेमाहल, प्राइभेट अस्पताल, बैंक तथा वित्तीय संस्था भित्र वा बाहिर जुन ठाउमा बिज्ञापन गरेपनि त्यसको सम्पूर्ण कर लाग्ने छ।

| बिवरण | दर |
|---|---|
| नगरपालिका भित्रका सार्वजनिक स्थानहरुमा होडिङ वोर्ड बाट प्रति बर्ग फिट | १०० |
| निजी स्थानहरुका होडिङ वोर्ड | ९५ |
| व्यवसायीक भित्ते लेखनमा प्रति बर्गफिट | ४० |
| पोलमा राखिने विज्ञापन सामाग्री प्रति स्क्वायर फिट वोर्ड प्रति एकको | २०० |
| व्यानर (हस्त लिखित वा प्रिन्ट) सार्वजानिक स्थानमा प्रति गोटा प्रति हप्ता १४ दिन सम्मको लागि | १८० |
| व्यानर (हस्त लिखित वा प्रिन्ट) सार्वजानिक स्थानमा प्रति गोटा प्रति हप्ता १४ दिन माथिको लागि | १०० |
| व्यवसायिक विज्ञापनका लागि माईकिङ गाडी वा रिक्साबाट प्रति दिन | ५०० |
| मादक पदार्थ प्रति स्क्वायरफिट थप | १५० |
| सुर्तिजन्य पदार्थ प्रति स्क्वायरफिट थप | १०० |
| स्टल, डमी तथा घुम्ती प्रचार प्रसार प्रति दिन | ५०० |
| सार्वजनिक स्थानमा गेट, स्वागतद्धार,वेलुन प्रति हप्ता | २००० |
| भिजनवल वोर्ड प्रति स्क्वार फिट | ५०० |
| २ डि, ३ डि, फ्लेक्स प्रिन्ट, साइनवोर्ड, डिजिटल डिस्प्ले, एलसीडी बोर्ड, लीड वोर्ड, ग्लो साइन प्रोजेक्टर, स्टल डिस्पले चलचित्र बोर्ड र अन्य वार्षिक प्रति वर्ग फूट | ५०० |
| व्यवसायिक घुम्ती प्रचार प्रसार प्रति दिन प्रति एकका | १५०० |

| | |
|---|---|
| रोडक्रस व्यानर, ओभरहेड व्यानर,  तुल व्यानर, पोल व्यानर, बन्टिङ्ग व्यानर ,सवारी साधनमा राखिने व्यानर  प्रति दिन  प्रति एकक | १०० |
| छाता,बेलुन,डमी, स्टलहरु,  भ्याकुम , फेल्न्जर,  स्टिकर, लगायतका विज्ञापनको प्रयोगमा  प्रतिगोटा प्रति हप्ता | ५०० |
| ४ बर्ग फिट सम्मका व्यवसायिक पोस्टर पम्लेट प्रतिदिन प्रति गोटा | १५ |
| ४ बर्ग फिट भन्दा ठुला व्यवसायिक पोस्टर पम्लेट प्रतिदिन प्रति गोटा | २० |
| नगरपालिकाको डिजिटल बोर्डमा बिज्ञापन राख्नु परेमा प्रतिमहिना (भिडियो बढीमा ३० सेकेन्डको हुनु पर्ने छ ) | १५०० |
| नगरपालिकाको डिजिटल बोर्डमा बिज्ञापन राख्नु परेमा प्रति बर्ष (भिडियो बढीमा ३० सेकेन्डको हुनु पर्ने छ ) | १०००० |
| नगरपालिकाको डिजिटल बोर्डमा बिज्ञापन राख्नु परेमा अक्षरमात्र प्रतिमहिना | ५०० |
| नगरपालिकाको डिजिटल बोर्डमा बिज्ञापन राख्नु परेमा अक्षरमात्र प्रति बर्ष | ५००० |
| व्यवसायिक परिचयपाटी | ५०० |